# दोर्दी शैक्षिक घोषणा तथा नीति निर्माण सम्वन्धी कार्यपत्र

२०७५/२/१८

## पृष्ठभूमि

नेपालको संविधानले व्यवस्था गरे अनुसार शिक्षाको मौलिक हकलाई सवै बालबालिकाले ग्रहण गर्न सक्ने अवस्था सिर्जना गरी गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्नु वर्तमान समयको माग हो । शैक्षिक विकासले सामाजिक विकासलाई समेत टेवा दिने हुँदा शिक्षाको समुचित विकास मार्फत देशको आर्थिक तथा सामाजिक पक्षमा अपेक्षित परिवर्तन ल्याउन सकिन्छ । शिक्षाका राष्ट्रिय उद्देश्य हासिल गरी समाज सापेक्ष जनशक्ति उत्पादन गर्नका लागि शैक्षिक विकासको द्रुत गतिको आवश्यकता छ । शिक्षाका विभिन्न योजना परियोजना र कार्यक्रमहरूले यसका लागि गति दिइरहेको भएपनि हाम्रो स्थानीय सन्दर्भलाई अपेक्षित रूपमा सम्वोधन गर्न हाम्रो थप पहल हुनु जरुरी छ । यस कार्यपत्र मार्फत खास गरी विद्यालय तहको शिक्षाको विकासको लागि आवश्यक लक्ष्य हासिल गर्न सघाउ पुग्ने गरी शैक्षिक नीति र कार्यक्रमहरू तय गर्न सजिलो बनाउनका लागि हरसम्भव प्रयास गरिएको छ । गत विगत वर्षहरूका उपलब्धी, चुनौति एवं सिकिएका पाठहरूलाई आधार बनाएर शिक्षा शिक्षण र शैक्षिक व्यवस्थापनका मुख्य सरोकारवाला ( प्रधानाध्यापक र व्यवस्थापन समितिका अध्यक्ष) हरूको संलग्नतामा सुझाव संकलन गरी कार्यक्रमको सार तयार गरिएको छ ।

### गाउँपालिकाको परिचय

दोर्दी गाउँपालिका नेपालको लमजुङ जिल्ला अन्तर्गत पर्दछ । यो गाउँपालिका संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको प्रदेश नं ४ , एकमात्र संघीय निर्वाचन क्षेत्रको प्रदेश सभा निर्वाचन क्षेत्र नं क अन्तर्गत जिल्लाको पूर्वी भागमा रहेको छ । यो गाउँपालिका साविकका भारते, अर्चलबोट, श्रीमञ्ज्याङ, नौथर, पाचोक, ढोडेनी, बन्सार र हिलेटक्सार ( वडा नं १-८) गा वि स मिलेर बनेको छ । साविकका ९ वटा गा वि स लाई हालको संघीय संरचनामा ९ वटै वडामा विभाजन गरी गाउँपालिकाको स्थानीय तह निर्माण गरिएको छ । यस गाउँपालिकामा शिक्षा,कृषि र स्वास्थ्यका शाखा स्थापना हुनुका साथै एक इलाका प्रहरी कार्यालय समेत रहेको छ ।

### क) भौगोलिक पक्ष

दोर्दी गाउँपालिकाको क्षेत्रफल ३५०.९३ वर्ग किलोमिटर रहेको छ । यसको पूर्वमा दुधपोखरी गाउँपालिका , पश्चिममा बेशीशहर नगरपालिका र मर्स्याङ्दी गाउँपालिका, उत्तरमा मर्स्याङदी गाउँपालिका र गोरखा जिल्ला साथै दक्षिणमा राइनास नगरपालिका, सुन्दरबजार नगरपालिका र दुधपोखरी गाउँपालिका पर्दछन् । दोर्दी खोला, किसेदी खोला, छोटे खोला, करेदी खोला, छाङ्दी खोला आदि यस गाउँपालिकामा रहेका खोलाहरू हुन् । यस गाउँपालिकामा गाउँपालिकाको केन्द्र रहेको नौथर सेरा क्षेत्र र अर्चलबोटको बेंशी भागमा उर्वर खेतीयोग्य फाँट रहेको छ भने त्यसमाथि पहाडी भिरालो जमीनमा खेतियोग्य जमिन रहेको छ । भारते, अर्चलबोट र श्रीमञ्ज्याङको क्षेत्रमा सालको वन पाइन्छ भने बाँकी वडाको उच्च भागमा विविध वनस्पतियुक्त घना पाताल पाइन्छ । यस गाउँपालिकाको लगभग सबै भुभाग भिरालो जमिनले बनेको पाइन्छ । मेमे पोखरी र बार्ह पोखरी यहाँका प्रख्यात पोखरीहरू हुन् । मनोरम दृश्य सहितको उच्च भुभागमा हिलेटक्सारको माथिल्लो भुभाग पर्दछ । यस गाउँपालिका भएर बग्ने दोर्दी खोलामा हाल ४ वटा जलविद्युत आयोजनाको काम भैरहको छ भने १ आयोजनाको अध्ययन भैरहेको पाइएको छ। दोर्दी खोला र किसेदी खोला माछाका लागि प्रख्यात मानिन्छ ।

### ख) सामाजिक र साँस्कृतिक पक्ष

दोर्दी गाउँपालिका सामाजिक तथा साँस्कृतिक विविधतालेयुक्त छ । यहाँ बाहुन, क्षेत्री, गुरुङ, तामाङ, मगर,नेवार,दलित आदि जातिहरू बसोबास गर्दछन । २०६८ सालको जनगणना अनुसार यस गाउँपालिकाको जनसंख्या १८३९२ छ । यस गाउँपालिकामा पनि जनसँख्या बसाइसराइको समस्या तिव्र छ । यस गाउँपालिकामा हिन्दु, वौद्द र इसाइ धर्म अवलम्वन गर्ने मानिसहरू बसोबास गर्दछन् । नेपाली, गुरुङ, तामाङ, मगर आदि यहाँका बासिन्दाले बोल्ने भाषा हुन् । यस गाउँपालिकामा अवलम्वन गरिएका चाडपर्वहरूमा खासगरी हिन्दु, वौद्द र इसाइ धर्मसँग सम्वन्धित चाडपर्वहरू जस्तै दशैं, तिहार, तिज, माघेसक्रान्ति, जनैपूर्णिमा, वौद्दपूर्णिमा, शिवरात्री, चैते दशैं, क्रिसमस पर्दछन् ।

### ग) आर्थिक पक्ष

दोर्दी गाउँपालिका आर्थिक रूपले पशुपालन र कृषिमा आधारित छ । धान, मकै, कोदो आदि यस क्षेत्रका मुख्य अन्नबाली हुन् । गाई, भैंसी, भेडाबाख्रा, कुखुरा पालन कार्य यस गाउँपालिकाका बासिन्दाको मुख्य पशुपालन रहेको छ । वैदेशिक रोजगारी पनि यस गाउँपालिकामा मुख्य रोजगारीको रूपमा रहेको पाइन्छ । नेपाल सरकारको सेना, प्रहरीमा भर्ना हुने, भारतीय र बेलायती सेनामा भर्ती हुने एवं नेपाल मै शिक्षक र कर्मचारीमा नियुक्ति भै सेवा गर्ने खालका रोजगारीमा यहाँका बासिन्दाको लगाव रहेको देखिन्छ । खोलामा माछा मार्ने कार्य समेत पाइए पनि व्यावसायिक रूपमा यसको विकास हुन सकेको छैन । उच्च पहाडी भागमा खर्क राखी भेडा बाख्राको व्यावसायिक पालन भएपनि यसको विकास पनि परम्परागत छ र नाफामुखी व्यवसाय फस्टाउन सकेको छैन । तरकारी बालीमा आलु, प्याज, लसुन, गोलभेंडा, अदुवा आदिको खेति गरिएको पाइन्छ । यस गाउँपालिकाको बजारमा नौथर सेरा, हिले बजार, कीर्तिपुर बजार, बेलघारी बजार एवं अर्चलबोट फाँट मुख्य छन् । यस गाउँपालिकामा जडिबुटीको प्रचुर सम्भावना भएपनि उपयोग हुन सकेको पाइदैन ।

### घ) विकासका पूर्वाधारहरू

यस गाउँपालिकाको सबै वडामा कच्ची मोटरबाटो पुगेको छ । बेलघारीदेखि अर्चलबोट हुँदै सेरा, उदीपुरदेखि रामचोकवेंशी हुँदै सेरा र सेरादेखि ढोडेनी, फलेनी, पाचोकसम्मको मोटरबाटोले मानिसको आवतजावत र सामान ढुवानीमा धेरै सुविधा पुगेको छ । यस्तै उदिपुरदेखि चिती हुँदै हिलेटक्सार र माथिल्लो दुवारसम्म र चिती हुँदै हिले बजार हुँदै फलेनी पुग्ने बाटोले पनि धेरै सुविधा दिएको छ । विद्युतको सुविधा पनि धेरै ठाउँम पुगीसकेको र बाँकी सबै ठाउँमा पुग्ने गरी अन्तिम तयारी भैरहेको छ । हाल दोर्दी खोलामा मात्र ४ ठाउँमा

विद्युत गृह निर्माण कार्य भैरहेको छ भने १ ठाउँमा सम्भावना अध्ययन भैरहेको छ । यस गाउँपालिकामा जनता बैंकको एक शाखा खोलिएको छ भने केही सहकारीहरू पनि वित्तीय क्षेत्रमा कार्यरत छन् ।

**ङ) शैक्षिक पक्ष**

शिक्षा क्षेत्रका विविध पक्षलाई विस्तृत रूपमा तल व्याख्या गरिएको छ ।

**शैक्षिक संरचना**

| क्र सं | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | सामुदायिक विद्यालय | ५२ | |
| २ | संस्थागत विद्यालय | २ | |
| ३ | प्रारम्भिक बालविकास केन्द्र | ४८ | |
| ४ | सामुदायिक सिकाइ केन्द्र | ३ | |
| ५ | स्रोत विद्यालयक्लस्टर | २ | |

**वडा अनुसार विद्यालय संख्या**

| वडा नं | सामुदायिक विद्यालय | | | | संस्थागत विद्यालय |
|---|---|---|---|---|---|
| | प्रा वि | आ वि | मा वि | जम्मा | |
| १ | ८ | १ | १ | १० | |
| २ | २ | | १ | ३ | १ |
| ३ | २ | १ | १ | ४ | |
| ४ | ४ | १ | १ | ६ | १ |
| ५ | ७ | | १ | ८ | |
| ६ | ५ | ३ | | ८ | |
| ७ | ३ | १ | १ | ५ | |
| ८ | ४ | | २ | ६ | |
| ९ | १ | १ | | २ | |
| जम्मा | ३६ | ८ | ८ | ५२ | २ |

**कक्षा र तह अनुसार विद्यार्थी अनुपात**

| कक्षा | अनुपात | कैफियत |
|---|---|---|
| बा वि के | ७.६८ | |
| १ | ६.३२ | |
| २ | ५.१३ | |
| ३ | ५.५१ | |
| ४ | ८.०२ | |
| ५ | ७.८५ | |

| | | |
|---|---|---|
| १-५ | २९.५ | |
| ६ | १८.६८ | |
| ७ | १९.९३ | |
| ८ | २१.०५ | |
| ६-८ | ५९.६८ | |
| ९ | ३९.६५ | |
| १० | ३० | |
| ९-१० | ६९.६५ | |
| ११ | १३ | |
| १२ | १० | |
| ११-१२ | २३ | |

**तहगत शिक्षक र विद्यार्थी अनुपात**

| तह | शिक्षक संख्या | विद्यार्थी संख्या | अनुपात |
|---|---|---|---|
| बा वि के | ४८ | ३६९ | ७.६८ |
| प्राथमिक | २०१ | १५३४ | ७.६३ |
| आधारभूत | ३२ | ९५५ | २९.८४ |
| माध्यमिक | २२ | ५५७ | २५.३१ |
| उ. माध्यमिक | २ | ४६ | २३ |

विद्यालय व्यवस्थापन समिति गठन भएका विद्यालयः **सबै**

शिक्षक अभिभावक संघ गठन भएका विद्यालयः **सबै**

**शैक्षिक सूचकहरू**

| क्र सं | सूचकहरू | वर्तमान स्थिति | कैफियत |
|---|---|---|---|
| १ | प्रारम्भिक बालविकासको कुल भर्ना दर (GER) | १००.८ | |
| २ | प्रारम्भिक बालविकासको अनुभव सहित कक्षा १ मा कुल भर्ना प्रतिशत | ६५.१ | |
| ३ | कक्षा १ को कुल भर्ना दर (GIR) | १३२.१० | |
| ४ | कक्षा १ को खुद भर्ना दर (NIR) | ९४.९ | |
| ५ | प्राथमिक कक्षा १-५ मा कुल भर्ना दर (GER) | ११८.६ | |
| ६ | प्राथमिक कक्षा १-५ मा खुद भर्ना दर (NER) | ९७.८ | |
| ७ | आवश्यक योग्यता सहित शिक्षक प्रतिशत | १०० | |
| ८ | आवश्यक तालिम सहित शिक्षक प्रतिशत | ९८ | |

| | | | |
|---|---|---|---|
| ९ | विद्यालय बाहिर रहेका बालबालिका संख्या | २.२ | |
| १० | कक्षा छोड्ने दर १-५ | ५.७ | |
| ११ | शिक्षक विद्यार्थी अनुपात प्राथमिक तह (सामुदायिक) | ७.६३ | |
| १२ | कक्षा दोहोर्याउने दर कक्षा १ | ९.४ | |
| १३ | कक्षा दोहोर्याउने दर १-५ | १०.२ | |
| १४ | कक्षा ५ सम्म विद्यार्थी स्थायित्व | ८४ | |
| १५ | दलितको खुद भर्ना दर १-५ | ९४.८ | |
| १६ | कक्षा ५ मा सिकाइ उपलव्धी प्रतिशत | ५४ | |
| १७ | GPI | १.१२ | |
| १८ | कक्षा १-८ मा कुल भर्ना दर ( GER) | १३०.१ | |
| १९ | कक्षा १-८ मा खुद भर्ना दर (NER) | ९६.८ | |
| २० | कक्षा ६-८ मा कुल भर्ना दर ( GER) | १०८ | |
| २१ | कक्षा ६-८ मा खुद भर्ना दर (NER) | ९४.८ | |
| २२ | कक्षा ९-१० मा कुल भर्ना दर ( GER) | १०२.५ | |
| २३ | कक्षा ९-१० मा खुद भर्ना दर (NER) | ७७ | |
| २४ | कक्षा ११-१२ मा कुल भर्ना दर ( GER) | ४४.२ | |
| २५ | कक्षा ११-१२ मा खुद भर्ना दर (NER) | १५.३ | |
| २६ | साक्षरता प्रतिशत ६ वर्षमाथि | ९१.९१ | |
| २७ | साक्षरता प्रतिशत १५-६० उमेर | ९६.०५ | |

**विद्यालयगत विद्यार्थी विवरण २०७५**(कक्षा १-५)(२०७५ वैशाख अन्तिम हप्ताको अभिलेख)

| क्रसं | विद्यालयको नाम | वाविके | | | १ | | | २ | | | ३ | | | ४ | | | ५ | | | १-५ जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | G | B | T | G | B | T | G | B | T | G | B | T | G | B | T | G | B | T | G | B | T |
| १ | पाचोक मावि दोर्दी ५ | ११ | ९ | २० | ४ | ३ | ७ | ४ | ५ | ९ | ५ | ३ | ८ | ५ | ६ | ११ | ४ | ५ | ९ | २२ | २२ | ४४ |

| | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | ईलम देवि प्राविदोर्दी | २ | ५ | ७ | १ | २ | ३ | १ | १ | २ | ३ | | ३ | २ | २ | ४ | २ | ५ | ७ | ९ | १० | १९ |
| ३ | वालकन्या प्राविदोर्दी | १ | १ | २ | १ | २ | ३ | ३ | ० | ३ | १ | १ | २ | ३ | १ | ४ | | २ | २ | ८ | ६ | १४ |
| ४ | हिमालय प्रावि दोर्दी५ | ६ | ४ | १० | ४ | ६ | १० | ३ | ४ | ७ | २ | ३ | ५ | २ | २ | ४ | ३ | ४ | ७ | १४ | १९ | ३३ |
| ५ | मनहरि प्रावि दोर्दी ५ | ४ | ४ | ८ | ५ | ३ | ८ | ३ | ३ | ६ | ४ | ३ | ७ | ५ | ४ | ९ | ८ | ३ | ११ | २५ | १६ | ४१ |
| ६ | विन्दावासिनि प्रावि | १ | २ | ३ | १ | २ | ३ | २ | १ | ३ | ४ | ४ | ८ | ५ | ५ | १० | १२ | ७ | १९ | २४ | १९ | ४३ |
| ७ | गणेश देवी प्रावि दोर्दी | २ | १ | ३ | | २ | २ | १ | ३ | ४ | १ | ३ | ४ | | | | | | | २ | ८ | १० |
| ८ | मण्डली प्रावि दोर्दी ५ | २ | ३ | ५ | ३ | २ | ५ | २ | १ | ३ | २ | ४ | ६ | | | | | | | ७ | ७ | १४ |
| | **जम्मा** | **२९** | **२९** | **५८** | **१९** | **२२** | **४१** | **१९** | **१८** | **३७** | **२२** | **२१** | **४३** | **२२** | **२०** | **४२** | **२९** | **२६** | **५५** | **१११** | **१०७** | **२१८** |
| ९ | लक्ष्मी मावि दोर्दी ३ | ४ | २ | ६ | ४ | १ | ५ | ३ | ३ | ६ | ४ | ४ | ८ | ३ | ६ | ९ | १ | २ | ३ | १५ | १६ | ३१ |
| १० | सरस्वतिमोहन आवि | १३ | ९ | २२ | ७ | ७ | १४ | ८ | ८ | १६ | ९ | १२ | २१ | ७ | १२ | १९ | ७ | १२ | १९ | ३८ | ५१ | ८९ |
| ११ | भँगेरी प्रावि दोर्दी३ | ४ | ५ | ९ | २ | ६ | ८ | ४ | २ | ६ | ६ | | ६ | ६ | ४ | १० | ३ | ४ | ७ | २१ | १६ | ३७ |
| १२ | कृष्णप्रमोद प्राविदोर्दी | ७ | | ७ | ३ | ४ | ७ | ५ | ४ | ९ | १ | ३ | ४ | ५ | २ | ७ | ३ | १ | ४ | १७ | १४ | ३१ |
| | **जम्मा** | **२८** | **१६** | **४४** | **१६** | **१८** | **३४** | **२०** | **१७** | **३७** | **२०** | **१९** | **३९** | **२१** | **२४** | **४५** | **१४** | **१९** | **३३** | **९१** | **९७** | **१८८** |
| १३ | चैतन्योदयसत्य मावि | ५ | ३ | ८ | ८ | ५ | १३ | ६ | ५ | ११ | ७ | ५ | १२ | ५ | १० | १५ | ९ | ११ | २० | ३५ | ३६ | ७१ |
| १४ | सृजनशिल आवि दोर्दी | ३ | ६ | ९ | ५ | | ५ | २ | २ | ४ | २ | ३ | ५ | ८ | ९ | १७ | ६ | २ | ८ | २३ | १६ | ३९ |
| १५ | चैतन्योदय प्राविदोर्दी | ७ | ७ | १४ | २ | ३ | ५ | ३ | ५ | ८ | २ | २ | ४ | १ | ६ | ७ | ३ | ३ | ६ | ११ | १९ | ३० |
| १६ | जुमडाँडा प्राविदोर्दी ४ | ३ | २ | ५ | १ | २ | ३ | २ | | २ | | | | ४ | १ | ५ | ३ | १ | ४ | १० | ४ | १४ |
| १७ | नवदुर्गा प्राविदोर्दी ४ | ४ | ६ | १० | ४ | | ४ | ३ | १ | ४ | | ४ | ४ | २ | ३ | ५ | ३ | १ | ४ | १२ | ९ | २१ |
| १८ | मनकामना प्रावि दोर्दी | २ | ७ | ९ | १ | २ | ३ | १ | १ | २ | २ | १ | ३ | ५ | १ | ६ | ३ | १ | ४ | १२ | ६ | १८ |
| | **जम्मा** | **२४** | **३१** | **५५** | **२१** | **१२** | **३३** | **१७** | **१४** | **३१** | **१३** | **१५** | **२८** | **२५** | **३०** | **५५** | **२७** | **१९** | **४६** | **१०३** | **९०** | **१९३** |
| १९ | लक्ष्मि नारायण मावि | ५ | १ | ६ | १ | २ | ३ | ३ | १ | ४ | २ | ४ | ६ | ७ | ४ | ११ | ७ | ५ | १२ | २० | १६ | ३६ |
| २० | अलैचे केदार प्रावि | ६ | ५ | ११ | ५ | ४ | ९ | ५ | ५ | १० | ५ | ३ | ८ | ५ | ४ | ९ | ३ | ९ | १२ | २३ | २५ | ४८ |
| २१ | सुक्र प्रावि दोर्दी २ | | | | | १ | १ | १ | | १ | | | | | ४ | ४ | १ | १ | २ | २ | ६ | ८ |
| | **जम्मा** | **११** | **६** | **१७** | **६** | **७** | **१३** | **९** | **६** | **१५** | **७** | **७** | **१४** | **१२** | **१२** | **२४** | **११** | **१५** | **२६** | **४५** | **४७** | **९२** |
| २२ | सूर्योदय मावि दोर्दी१ | ६ | ४ | १० | १ | ४ | ५ | २ | ३ | ५ | ४ | १ | ५ | १० | ५ | १५ | ४ | ५ | ९ | २१ | १८ | ३९ |
| २३ | महादेव आवि दोर्दी १ | | | | | | | | | | | | | | | | | २ | २ | | २ | २ |
| २४ | कोपिला प्रावि दोर्दी१ | | | | २ | १ | ३ | | १ | १ | | २ | २ | | | | | | | २ | ४ | ६ |
| २५ | ईन्द्रपुरी प्राविदोर्दी १ | १ | ४ | ५ | | ४ | ४ | १ | | १ | | २ | २ | १ | | १ | १ | | १ | ३ | ६ | ९ |
| २६ | दिपेन्द्रज्योतिप्रावि | १ | १ | २ | १ | | १ | २ | | २ | | | | | | | | | | ३ | | ३ |
| २७ | रत्न प्रावि दोर्दी १ | २ | २ | ४ | २ | १ | ३ | ३ | ४ | ७ | २ | २ | ४ | १ | १ | २ | २ | | २ | १० | ८ | १८ |
| २८ | कर्मोदय प्रावि दोर्दी १ | ३ | ३ | ६ | | | | २ | १ | ३ | १ | | १ | २ | २ | ४ | ३ | २ | ५ | ८ | ५ | १३ |
| २९ | जाल्पादेवी प्रावि दोर्दी | १ | २ | ३ | | १ | १ | | | | १ | ३ | ४ | २ | | २ | ३ | २ | ५ | ६ | ६ | १२ |
| ३० | नवप्रभात प्रावि दोर्दी | | | | २ | ३ | ५ | | | | १ | १ | २ | | | | | | | ३ | ४ | ७ |
| ३१ | सरस्वती मिलन प्रावि | | | | १ | ३ | ४ | | | | | | | | | | २ | | २ | ३ | ३ | ६ |
| | **जम्मा** | **१४** | **१६** | **३०** | **९** | **१७** | **२६** | **१०** | **९** | **१९** | **९** | **११** | **२०** | **१६** | **८** | **२४** | **१५** | **११** | **२६** | **५९** | **५६** | **११५** |
| ३२ | फलेनी मावि दोर्दी ८ | ११ | १६ | २७ | २ | १० | १२ | १३ | ८ | २१ | १२ | ८ | २० | १५ | ११ | २६ | १७ | १६ | ३३ | ५९ | ५३ | ११२ |
| ३३ | जयदेवी मावि दोर्दी ८ | ३ | ६ | ९ | २ | ८ | १० | २ | ३ | ५ | ६ | ५ | ११ | ३ | ५ | ८ | ५ | ६ | ११ | १८ | २७ | ४५ |
| ३४ | हिमालय प्रावि दोर्दी८ | | | | ९ | ५ | १४ | ४ | ४ | ८ | २ | ६ | ८ | ३ | ८ | ११ | १ | ४ | ५ | १९ | २७ | ४६ |
| ३५ | रामजिवन प्रावि दोर्दी | ३ | ३ | ६ | ३ | २ | ५ | २ | ४ | ६ | १ | ४ | ५ | ४ | १ | ५ | २ | ३ | ५ | १२ | १४ | २६ |
| ३६ | विरेन्द्रशिला प्रावि | | | | १७ | १० | २७ | ५ | ३ | ८ | ५ | ५ | १० | ६ | २ | ८ | | २ | २ | ३३ | २२ | ५५ |
| ३७ | कालिका प्रावि दोर्दी८ | ७ | ५ | १२ | ५ | १ | ६ | १ | १ | २ | | | | | | | | | | ६ | २ | ८ |

| | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **जम्मा** | | **२४** | **३०** | **५४** | **३८** | **३६** | **७४** | **२७** | **२३** | **५०** | **२६** | **२८** | **५४** | **३१** | **२७** | **५८** | **२५** | **३१** | **५६** | **१४७** | **१४५** | **२९२** |
| ३८ | वराहमिलन आवि | | ४ | ४ | १ | ५ | ६ | ४ | | ४ | १ | ४ | ५ | | १ | १ | २ | | २ | ८ | १० | १८ |
| ३९ | जनविकास प्रावि दोर्दी | ३ | ५ | ८ | ५ | ८ | १३ | ३ | २ | ५ | २ | १ | ३ | | | | | | | १० | ११ | २१ |
| **जम्मा** | | **३** | **९** | **१२** | **६** | **१३** | **१९** | **७** | **२** | **९** | **३** | **५** | **८** | **०** | **१** | **१** | **२** | **०** | **२** | **१८** | **२१** | **३९** |
| ४० | वालकल्याण मावि | ७ | १० | १७ | ६ | ४ | १० | ३ | ३ | ६ | ३ | ८ | ११ | ४ | ९ | १३ | ११ | ६ | १७ | २७ | ३० | ५७ |
| ४१ | जीवन अमर आवि | १ | ७ | ८ | १ | ३ | ४ | १ | १ | २ | १ | १ | २ | १२ | ८ | २० | ६ | ९ | १५ | २१ | २२ | ४३ |
| ४२ | महेन्द्रज्योति प्रावि | | ३ | ३ | ३ | १ | ४ | ३ | ४ | ७ | १ | ३ | ४ | | | | | | | ७ | ८ | १५ |
| ४३ | हिमालचुली प्राविदोर्दी | | | | १ | ५ | ६ | ३ | ४ | ७ | | २ | २ | | | | | | | ४ | ११ | १५ |
| ४४ | अमरज्योति प्रावि | ७ | ३ | १० | २ | १ | ३ | २ | १ | ३ | ३ | २ | ५ | | | | | | | ७ | ४ | ११ |
| **जम्मा** | | **१५** | **२३** | **३८** | **१३** | **१४** | **२७** | **१२** | **१३** | **२५** | **८** | **१६** | **२४** | **१६** | **१७** | **३३** | **१७** | **१५** | **३२** | **६६** | **७५** | **१४१** |
| ४५ | ढोडेनी आवि दोर्दी ६ | ७ | २ | ९ | ३ | ४ | ७ | ४ | ५ | ९ | २ | ५ | ७ | ९ | ४ | १३ | ५ | ५ | १० | २३ | २३ | ४६ |
| ४६ | अमरज्योति आवि | ९ | १३ | २२ | २ | ६ | ८ | ४ | ५ | ९ | ४ | ५ | ९ | ६ | २ | ८ | ७ | २ | ९ | २३ | २० | ४३ |
| ४७ | भगवान आवि दोर्दी ६ | ८ | ५ | १३ | ३ | ३ | ६ | ३ | ५ | ८ | १० | ४ | १४ | ४ | ७ | ११ | ५ | ३ | ८ | २५ | २२ | ४७ |
| ४८ | वालविकास प्राविदोर्दी | | | | ३ | ४ | ७ | २ | २ | ४ | २ | २ | ४ | २ | ३ | ५ | ३ | ४ | ७ | १२ | १५ | २७ |
| ४९ | भूमेस्थान प्राविदोर्दी | ४ | ६ | १० | २ | ८ | १० | ६ | ४ | १० | ८ | ६ | १४ | ३ | ५ | ८ | ५ | ४ | ९ | २४ | २७ | ५१ |
| ५० | वालकन्या प्राविदोर्दी | | | | ५ | १ | ६ | १ | | १ | | १ | १ | १ | | १ | १ | १ | २ | ८ | ३ | ११ |
| ५१ | सिद्ध प्रावि दोर्दी ६ | ३ | ४ | ७ | २ | २ | ४ | १ | | १ | १ | १ | २ | | १ | १ | | १ | १ | ४ | ५ | ९ |
| ५२ | गणेश प्रावि दोर्दी ६ | | | | ११ | ३ | १४ | १ | १ | २ | ६ | | ६ | | | | | | | १८ | ४ | २२ |
| **जम्मा** | | **३१** | **३०** | **६१** | **३१** | **३१** | **६२** | **२२** | **२२** | **४४** | **३३** | **२४** | **५७** | **२५** | **२२** | **४७** | **२६** | **२०** | **४६** | **१३७** | **११९** | **२४६** |
| **जम्मा** | | १७९ | १९० | ३६९ | १५९ | १७० | ३२९ | १४३ | १२४ | २६७ | १४१ | १४६ | २८७ | १६८ | १६१ | ३२९ | १६६ | १५६ | ३२२ | ७७७ | ७५७ | १५३४ |

## **विद्यालयगत विद्यार्थी विवरण २०७५**(कक्षा ६-१०) ( २०७५ वैशाख अन्तिम हप्ताको अभिलेख)

| क्रसं | विद्यालयको नाम | ६ | | | ७ | | | ८ | | | ६-८ जम्मा | | | ९ | | | १० | | | ९-१० जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | G | B | T | G | B | T | G | B | T | **G** | **B** | **T** | G | B | T | G | B | T | **G** | **B** | **T** |
| १ | पाचोक मावि दोर्दी ५ | २५ | २४ | ४९ | २९ | २४ | ५३ | २४ | २२ | ४६ | **७८** | **७०** | **१४८** | ३० | २३ | ५३ | १६ | २४ | ४० | **४६** | **४७** | **९३** |
| **जम्मा** | | **२५** | **२४** | **४९** | **२९** | **२४** | **५३** | **२४** | **२२** | **४६** | **७८** | **४७** | **१४८** | **३०** | **२३** | **५३** | **१६** | **२४** | **४०** | **४६** | **४७** | **९३** |
| २ | लक्ष्मी मावि दोर्दी ३ | ११ | ७ | १८ | १३ | १२ | २५ | १६ | ९ | २५ | **४०** | **२८** | **६८** | २४ | २१ | ४५ | १५ | १४ | २९ | **३९** | **३५** | **७४** |
| ३ | सरस्वतिमोहन आवि | ५ | १२ | १७ | १२ | १० | २२ | ११ | ७ | १८ | **२८** | **२९** | **५७** | | | | | | | | | |
| **जम्मा** | | **१६** | **१९** | **३५** | **२५** | **२२** | **४७** | **२७** | **१६** | **४३** | **६८** | **५७** | **१२५** | २४ | **२१** | **४५** | **१५** | **१४** | **२९** | **३९** | **३५** | **७४** |
| ४ | चैतन्योदय सत्य मावि | १३ | १० | २३ | १७ | १६ | ३३ | २४ | १३ | ३७ | **५४** | **३९** | **९३** | ३८ | २९ | ६७ | २२ | २० | ४२ | **६०** | **४९** | **१०९** |
| ५ | सृजनशिल आवि दोर्दी ४ | १७ | ३ | २० | १२ | १० | २२ | ११ | ४ | १५ | **४०** | **१७** | **५७** | | | | | | | | | |
| **जम्मा** | | **३०** | **१३** | **४३** | **२९** | **२६** | **५५** | **३५** | **१७** | **५२** | **९४** | **५६** | **१५०** | **३८** | **२९** | **६७** | **२२** | **२०** | **४२** | **६०** | **४९** | **१०९** |
| ६ | लक्ष्मि नारायण मावि | ८ | ११ | १९ | ८ | ६ | १४ | १६ | २० | ३६ | **३२** | **३७** | **६९** | १९ | १३ | ३२ | १५ | ८ | २३ | **३४** | **२१** | **५५** |
| **जम्मा** | | **८** | **११** | **१९** | **८** | **६** | **१४** | **१६** | **२०** | **३६** | **३२** | **३७** | **६९** | **१९** | **१३** | **३२** | **१५** | **८** | **२३** | **३४** | **२१** | **५५** |
| ७ | सूर्योदय मावि दोर्दी१ | ४ | ८ | १२ | ११ | ७ | १८ | ७ | १४ | २१ | **२२** | **२९** | **५१** | १५ | १० | २५ | १३ | २१ | ३४ | **२८** | **३१** | **५९** |
| ८ | महादेव आवि दोर्दी १ | २ | ४ | ६ | २ | ७ | ९ | ५ | ४ | ९ | **९** | **१५** | **२४** | | | | | | | | | |
| **जम्मा** | | **६** | **१२** | **१८** | **१३** | **१४** | **२७** | **१२** | **१८** | **३०** | **३१** | **४४** | **७५** | **१५** | **१०** | **२५** | **१३** | **२१** | **३४** | **२८** | **३१** | **५९** |
| ९ | फलेनी मावि दोर्दी ८ | १८ | १३ | ३१ | ९ | १६ | २५ | २२ | १८ | ४० | **४९** | **४७** | **९६** | १९ | १६ | ३५ | १८ | १९ | ३७ | **३७** | **३५** | **७२** |
| १० | जयदेवी मावि दोर्दी ८ | ९ | ५ | १४ | ५ | ६ | ११ | ९ | ९ | १८ | **२३** | **३०** | **५३** | ९ | ५ | १४ | ६ | ३ | ९ | **१५** | **८** | **२३** |

| | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | २७ | १८ | ४५ | १४ | २२ | ३६ | ३१ | २७ | ५८ | ७२ | ६७ | १३९ | २८ | २१ | ४९ | २४ | २२ | ४६ | ५२ | ४३ | ९५ |
| ११ | वराहमिलन आवि दोर्दी | | ४ | ४ | ४ | १ | ५ | ६ | १ | ७ | १० | ६ | १६ | | | | | | | | | |
| | जम्मा | | ४ | ४ | ४ | १ | ५ | ६ | १ | ७ | १० | ६ | १६ | | | | | | | | | |
| १२ | वालकल्याण मावि दोर्दी | १२ | १९ | ३१ | १४ | १९ | ३३ | ८ | १२ | २० | ३४ | ५० | ८४ | २६ | २० | ४६ | १६ | १० | २६ | ४२ | ३० | ७२ |
| १३ | जीवन अमर आवि दोर्दी | ५ | ७ | १२ | ३ | ३ | ६ | ७ | ६ | १३ | १५ | १६ | ३१ | | | | | | | | | |
| | जम्मा | १७ | २६ | ४३ | १७ | २२ | ३९ | १५ | १८ | ३३ | ४९ | ६६ | ११५ | २६ | २० | ४६ | १६ | १० | २६ | ४२ | ३० | ७२ |
| १४ | ढोडेनी आवि दोर्दी ६ | ९ | ४ | १३ | ११ | ४ | १५ | ६ | ४ | १० | २६ | १२ | ३८ | | | | | | | | | |
| १५ | अमरज्योति आवि दोर्दी | २ | ८ | १० | ५ | ७ | १२ | ४ | ५ | ९ | ११ | २० | ३१ | | | | | | | | | |
| १६ | भगवान आवि दोर्दी ६ | १२ | ८ | २० | ११ | ५ | १६ | ६ | ७ | १३ | २९ | २० | ४९ | | | | | | | | | |
| | जम्मा | २३ | १० | ४३ | २७ | १६ | ४३ | १६ | १६ | ३२ | ६६ | ५२ | ११८ | | | | | | | | | |
| | **जम्मा** | १५२ | १४७ | २९९ | १६६ | १५३ | ३१९ | १८२ | १५५ | ३३७ | ५०० | ४५५ | ९५५ | १८० | १३७ | ३१७ | १२१ | ११९ | २४० | ३०१ | २५६ | ५५७ |

## विद्यालयगत विद्यार्थी विवरण २०७४/२०७५(कक्षा ११-१२)

| क्रसं | विद्यालयको नाम | ११ | | | १२ | | | ११-१२ जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | G | B | T | G | B | T | G | B | T |
| १ | सूर्योदय मावि दोर्दी १ | १२ | ५ | १७ | ६ | ४ | १० | १८ | ९ | २७ |
| २ | फलेनी मा वि दोर्दी ८ | ६ | ३ | ९ | ८ | २ | १० | १४ | ५ | १९ |
| | जम्मा | १८ | ८ | २६ | १४ | ६ | २० | ३२ | १४ | ४६ |

## वडागत रूपमा विद्यार्थी विवरण(कक्षा १-५)

| वडा नं | वाविके | | | १ | | | २ | | | ३ | | | ४ | | | ५ | | | १-५ जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | G | B | T | G | B | T | G | B | T | G | B | T | G | B | T | G | B | T | G | B | T |
| १ | १४ | १६ | ३० | ९ | १७ | २६ | १० | ९ | १९ | ९ | ११ | २० | १६ | ८ | २४ | १५ | ११ | २६ | ५९ | ५६ | ११५ |
| २ | ११ | ६ | १७ | ६ | ७ | १३ | ९ | ६ | १५ | ७ | ७ | १४ | १२ | १२ | २४ | ११ | १५ | २६ | ४५ | ४७ | ९२ |
| ३ | २८ | १६ | ४४ | १६ | १८ | ३४ | २० | १७ | ३७ | २० | १९ | ३९ | २१ | २४ | ४५ | १४ | १९ | ३३ | ९१ | ९७ | १८८ |
| ४ | २४ | ३१ | ५५ | २१ | १२ | ३३ | १७ | १४ | ३१ | १३ | १५ | २८ | २५ | ३० | ५५ | २७ | १९ | ४६ | १०३ | ९० | १९३ |
| ५ | २९ | २९ | ५८ | १९ | २२ | ४१ | १९ | १८ | ३७ | २२ | २१ | ४३ | २२ | २० | ४२ | २९ | २६ | ५५ | १११ | १०७ | २१८ |
| ६ | ३१ | ३० | ६१ | ३१ | ३१ | ६२ | २२ | २२ | ४४ | ३३ | २४ | ५७ | २५ | २२ | ४७ | २६ | २० | ४६ | १३७ | ११९ | २४६ |
| ७ | १५ | २३ | ३८ | १३ | १४ | २७ | १२ | १३ | २५ | ८ | १६ | २४ | १६ | १७ | ३३ | १७ | १५ | ३२ | ६६ | ७५ | १४१ |
| ८ | २४ | ३० | ५४ | ३८ | ३६ | ७४ | २७ | २३ | ५० | २६ | २८ | ५४ | ३१ | २७ | ५८ | २५ | ३१ | ५६ | १४७ | १४५ | २९२ |
| ९ | ३ | ९ | १२ | ६ | १३ | १९ | ७ | २ | ९ | ३ | ५ | ८ | ० | १ | १ | २ | ० | २ | १८ | २१ | ३९ |
| **जम्मा** | १७९ | १९० | ३६९ | १५९ | १७० | ३२९ | १४३ | १२४ | २६७ | १४१ | १४६ | २८७ | १६८ | १६१ | ३२९ | १६६ | १५६ | ३२२ | ७७७ | ७५७ | १५३४ |

## वडागत रूपमा विद्यार्थी विवरण(कक्षा ६-१०)

| वडा नं | ६ | | | ७ | | | ८ | | | ६-८ जम्मा | | | ९ | | | १० | | | ९-१० जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | G | B | T | G | B | T | G | B | T | **G** | **B** | **T** | G | B | T | G | B | T | **G** | **B** | **T** |
| १ | ६ | १२ | १८ | १३ | १४ | २७ | १२ | १८ | ३० | ३१ | ४४ | ७५ | १५ | १० | २५ | १३ | २१ | ३४ | २८ | ३१ | ५९ |
| २ | ८ | ११ | १९ | ८ | ६ | १४ | १६ | २० | ३६ | ३२ | ३७ | ६९ | १९ | १३ | ३२ | १५ | ८ | २३ | ३४ | २१ | ५५ |

| | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | १६ | १९ | ३५ | २५ | २२ | ४७ | २७ | १६ | ४३ | ६८ | ५७ | १२५ | २४ | २१ | ४५ | १५ | १४ | २९ | ३९ | ३५ | ७४ |
| ४ | ३० | १३ | ४३ | २९ | २६ | ५५ | ३५ | १७ | ५२ | ९४ | ५६ | १५० | ३८ | २९ | ६७ | २२ | २० | ४२ | ६० | ४९ | १०९ |
| ५ | २५ | २४ | ४९ | २९ | २४ | ५३ | २४ | २२ | ४६ | ७८ | ४७ | १४८ | ३० | २३ | ५३ | १६ | २४ | ४० | ४६ | ४७ | ९३ |
| ६ | २३ | १० | ४३ | २७ | १६ | ४३ | १६ | १६ | ३२ | ६६ | ५२ | ११८ | | | | | | | | | |
| ७ | १७ | २६ | ४३ | १७ | २२ | ३९ | १५ | १८ | ३३ | ४९ | ६६ | ११५ | २६ | २० | ४६ | १६ | १० | २६ | ४२ | ३० | ७२ |
| ८ | २७ | १८ | ४५ | १४ | २२ | ३६ | ३१ | २७ | ५८ | ७२ | ६७ | १३९ | २८ | २१ | ४९ | २४ | २२ | ४६ | ५२ | ४३ | ९५ |
| ९ | | ४ | ४ | ४ | १ | ५ | ६ | १ | ७ | १० | ६ | १६ | | | | | | | | | |
| **जम्मा** | **१५२** | **१४७** | **२९९** | **१६६** | **१५३** | **३१९** | **१८२** | **१५५** | **३३७** | **५००** | **४५५** | **९५५** | **१८०** | **१३७** | **३१७** | **१२१** | **११९** | **२४०** | **३०१** | **२५६** | **५५७** |

## शिक्षक विवरण

### प्राथमिक तह

| शिक्षक विवरण | प्रथम | द्वितीय | तृतीय | अ/करार | राहत | जम्मा | रिक्त |
|---|---|---|---|---|---|---|---|
| महिला | | ६ | ११ | ४३ | ९ | ६९ | |
| पुरुष | २ | ४१ | ३३ | ४८ | ५ | १२९ | ३ |
| जम्मा | २ | ४७ | ४४ | ९१ | १४ | १९८ | ३ |

### नि मा वि/आधारभूत तह

| शिक्षक विवरण | प्रथम | द्वितीय | तृतीय | अ/करार | राहत | जम्मा |
|---|---|---|---|---|---|---|
| महिला | | | २ | १ | ३ | ६ |
| पुरुष | १ | ४ | १ | १२ | ८ | २६ |
| जम्मा | १ | ४ | ३ | १३ | ११ | ३२ |

### माध्यमिक तह

| शिक्षक विवरण | प्रथम | द्वितीय | तृतीय | अ/करार | राहत | | जम्मा | सट्टा |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | मा वि | उ मा वि | | |
| महिला | | | १ | | | | १ | १ |
| पुरुष | | | ८ | ६ | ७ | २ | २३ | २ |
| जम्मा | | | ९ | ६ | ७ | २ | २४ | ३ |

**दोर्दी गाउँपालिकाको शिक्षामा रहेका मुख्य मुख्य समस्याहरू**

१.शैक्षिक गुणस्तर न्युन हुनु ।

२.शिक्षक विद्यार्थी अनुपात न्युन हुनु तर कक्षा संख्या अनुसार शिक्षक संख्या कम हुनु ।

३.शिक्षकले लिएको तालिम कक्षाकोठामा प्रभावकारी रूपमा प्रयोगमा नआउनु ।

४.बसाइसराइका कारण विद्यार्थी संख्यामा कमी आउँदै जानु ।

५.प्रारम्भिक बालविकास केन्द्रका सहजकर्ताको पारिश्रमिक कम हुनु ।

६.विद्यालय सरसफाइ कमजोर हुनु ।

७. कक्षाकोठा व्यवस्थापन राम्रो नहुनु ।

८.शिक्षणमा ICT को प्रयोग हुन नसक्नु।

९.विद्यालयको भौतिक पूर्वाधार सवल भैनसक्नु।

१०.बालमैत्री शिक्षण र व्यवस्थापन हुन नसक्नु।

११.बालमैत्री बसाइ व्यवस्थापन हुन नसक्नु।

१२.प्रविधिमैत्री शिक्षकको अभाव हुनु।

१३.अभिभावकमा अंग्रेजी शिक्षातर्फ मोह बढ्नु तर सोही अनुसार शैक्षिक व्यवस्थापन हुन नसक्नु।

१४.विद्यालयलाई शान्तिक्षेत्र घोषणा गर्न नसक्नु।

१५.अनिवार्य आधारभूत शिक्षा घोषणा गर्न नसक्नु।

१६.मुल्याङ्न प्रक्रियामा समयसापेक्ष परिवर्तन ल्याउन नसक्नु।

१७.लक्ष्य अनुसार सिकाइ उपलव्धी बृद्दी गर्न नसक्नु।

**दोर्दी शैक्षिक घोषणा २०७५**

**सुझाव संकलन फाराम**

तलका बुँदाहरूका सम्वन्धमा विद्यालयको शैक्षिक प्रगतिका लागि के के काम गर्न सकिन्छ, यसमा तोकिएका सुझावहरू पर्याप्त छन् वा छैनन् विष्लेषण गरी समूह छलफलबाट थप सुझाव प्रदान गर्नुहुन अनुरोध छ।

१.विद्यार्थी संख्या बृद्दी गर्ने सम्वन्धमा

- विद्यालय सेवा क्षेत्र भित्र युगानुकुल सेवासुविधाको व्यवस्था गर्ने
- बसाइ सराइ न्युनीकरण गर्ने
- बालबालिकालाई विद्यालयमा आकर्षण गर्ने
- भर्ना अभियानमा र घरदैलो कार्यक्रम सञ्चालन गर्ने
- दक्ष शिक्षकको व्यवस्था गर्ने
- बालमैत्री विद्यालय स्थापना गर्ने

- सरकारी कर्मचारीले आफ्नो बालबालिका सामुदायिक विद्यालयमा पढाउनुपर्ने
- दिवा खाजाको व्यवस्था गर्ने
- पोशाक व्यवस्था गर्ने
- उचित शैक्षिक वातावरण निर्माण गर्ने
- अंग्रेजी माध्यममा शिक्षण गर्ने
- ICT को प्रयोग शिक्षणमा गर्ने
- विद्यालयमा चमेना गृहको व्यवस्था गर्ने तथा अनिवार्य रूपमा अभिभावकले खाजाको व्यवस्था गर्न लगाउने

२.सिकाइ उपलव्धीमा बृद्दी गर्ने सम्वन्धमा

- प्रत्येक विद्यालयले वार्षिक ५ प्रतिशतका दरले शैक्षिक उपलव्धी वृद्दी गर्ने योजना बनाई कार्यान्वियन गर्ने
- प्रत्येक शिक्षकले पनि वार्षिक ५ प्रतिशतका दरले शैक्षिक उपलव्धी वृद्दी गर्ने योजना बनाउने र यसमा वर्तमान अवस्था र आगामी परीक्षाहरूमा प्राप्त गर्न सकिने उपलव्धीको आँकलन गरी सो योजना कार्यान्वियन गर्ने
- प्रत्येक पाठ पढाउनु अघि शुक्ष्म पाठयोजना निर्माण गर्ने
- निर्माणात्मक मूल्यांकन योजना बनाउने
- गृहकार्य/कक्षाकार्य डायरीको प्रयोग
- विद्यार्थी केन्द्रित शिक्षण विधिको प्रयोग गर्ने
- शिक्षकलाई पुनर्ताजगी तालिमको व्यवस्था गर्ने
- शिक्षकले कक्षा कोठामा पूरा समय दिने
- योजनावद्द भई शिक्षण गर्ने
- तोकिएको समयमा कोर्स पूरा गर्ने
- नियमित उपस्थितिमा जोड दिने
- विद्युतीय हाजिरीको व्यवस्था गर्ने

३.विद्यालय र कक्षाकोठाको वातावरण सिकाइ अनुकुल बनाउने सम्वन्धमा

- वालमैत्री र सिकाइमैत्री विद्यालयको निर्माण गर्ने
- उपयुक्त शैक्षिक सामग्री र कक्षाकोठा व्यवस्थापन
- विद्यालयको कम्पाउण्डमा घेरावार लगाउने
- प्रत्येक कक्षामा बुक कर्नर राख्ने
- कक्षा ५ सम्म डेस्क बेञ्च बिहीन बसाइ व्यवस्था गर्ने
- कक्षा कोठामै शैक्षिक सामग्रीको संग्रह गर्ने
- कक्षा कोठामा विषयगत लेखनको व्यवस्था गर्ने
- उमेर अनुसारको फर्निचरको व्यवस्था गर्ने
- कक्षाकोठामा डस्टबिनको व्यवस्था गर्ने
- विद्यालय भवन तथा कक्षाकोठा सुरक्षित हुनुपर्ने

४.विद्यालय, कक्षा कोठा,शौचालय, विद्यालय हाता र यसको वरपरको वातावरण सरसफाइ गर्नेसम्वन्धमा

- कक्षा कोठाको सरसफाइ
- शौचालयको सरसफाइ
- खेल मैदानको सरसफाइ
- विद्यालय कम्पाउण्ड वरिपरिको सरसफाइ
- फोहोर व्यवस्थापन
- वातावरणीय सरसफाइको अभियान समुदायमा सञ्चालन गर्ने

- कुहिने र नकुहिने फोहोरलाई छुट्टाछुट्टै व्यवस्था गर्ने
- पानीको पर्याप्त व्यवस्था गर्ने
- सरसफाइ सम्बन्धी जनचेतना फैलाउने
- फोहोर फाल्ने स्थानको व्यवस्था गर्ने
- कक्षाकोठामा डस्टबिनको व्यवस्था गर्ने
- विद्यालयमा जंक फुड निषेध गर्ने
- विद्यायलय हाता हरियाली बनाउने
- विद्यार्थीलाई पालैपालो कक्षा र वरिपरिको स्थान सफा गर्ने पालो बनाउने

५.स्थानीय पाठ्यक्रम निर्माण र प्रयोग गर्नेसम्वन्धमा

- स्थानीय विषय र स्थानीय पाठ्यवस्तु आवश्यक पर्ने तह र विषयमा सोही अनुसारको पाठ्यक्रम तयार गर्ने
- स्थानीय आवश्यकता र चाहना अनुरूप शिक्षक, वुद्दिजीवि र अभिभावकसँग रहेर सहभागितामूलक रूपमा पाठ्यक्रम तयार गरी प्रयोग गर्ने
- दोर्दी गाउँपालिकाका सामाजिक, धार्मिक, सांस्कृतिक, पर्यटकीय स्थानको बुकलेट तयार गरी पाठ्यक्रम तयार गर्ने
- स्थानीय पाठ्यक्रम निर्माणका लागि गाउँपालिका स्तरीय विज्ञ समिति गठन गर्ने

६.पुस्तकालयको प्रयोग प्रभावकारी बनाउनेसम्वन्धमा

- ई लाइब्रेरीको विकास
- पुस्तक घरमा लगेर पढ्ने विद्यार्थी संख्याको अभिलेख
- पुस्तकालयमै रहेर पढ्ने विद्यार्थी संख्याको अभिलेख
- लगेको पुस्तक पढेनपढेको वोध अवस्थाको मापन गर्ने प्रणाली
- आवश्यकीय सामग्रीको उपयुक्त व्यवस्थापन गरी पुस्तकालय समय निर्धारण गर्ने
- आवस्यक पत्रपत्रिकाको व्यवस्था गर्ने
- पुस्तकालय पिरियड बनाउने
- पुस्तकालय सञ्चालनका लागि एक शिक्षकको व्यवस्था गर्ने

७.तथ्याङ्क EMIS लाई तोकिएको समय मै तयार गर्ने र विश्वसनीय बनाउनेसम्वन्धमा

- प्रत्येक विद्यालयमा ICT  को व्यवस्थापन गर्ने
- तथ्याङ्क भर्न सिकाउन तालिमको व्यवस्था गर्ने

८.सिकाइ क्रियाकलापमा सूचना प्रविधिको प्रयोग बढाउने सम्वन्धमा

- सुचना प्रविधिको व्यवस्था र तालिम
- सिकाइ तथा खोज उत्प्रेरणा
- प्रत्येक विद्यालयमा कम्तीमा २ कम्प्युटरको व्यस्था गर्ने र इन्टरनेट जडान गर्ने
- कम्तीमा हप्तामा २ दिन प्रत्येक कक्षाका विद्यार्थीलाई सूचनाका साधन मार्फत अध्यापन गर्ने व्यवस्था गर्ने
- प्रा वि मा कम्तीमा २ वटा, नि मा वि मा कम्तीमा ५ वटा र मा वि मा कम्तीमा १० वटा कम्प्युटरको व्यवस्था गर्ने

९.शिक्षक व्यवस्थापन कस्तो बनाउनेसम्वन्धमा

- तहगत र विषयगत रूपमा  शिक्षक दरवन्दीको व्यवस्था
- प्रा वि र आधारभूत विद्यालयमा पनि कर्मचारीको व्यवस्था गर्ने

१०.सिकाइ उपलब्धी वृद्दी गर्न अभिभावकको भूमिका सम्वन्धमा

- अभिभावक-विद्यालय सम्पर्क वृद्दी गर्ने

- विद्यार्थी, शिक्षक र अभिभावक बीच अन्तर्क्रिया गर्ने
- टोल समुदायमा शैक्षिक समुह गठन गर्ने
- बालबालिकालाई आवश्यक शैक्षिक सामग्री सहित निरन्तर विद्यालयमा पठाउने
- गृहकार्य, परीक्षा, अतिरिक्त क्रियाकलाप जस्ता काममा अभिभावकलाई पनि सुसुचित गराउने

११.अतिरिक्त क्रियाकलाप के के गर्ने सम्वन्धमा

- निवन्ध,कविता प्रतियोगिता
- खेलकुद कार्यक्रम
- सृजनात्मक कार्यक्रम
- सांगितिक कार्यक्रम
- हाजिरीजवाफ
- वादविवाद
- नाटक, सडक नाटक
- नृत्य, गायन र वाद्यवादन
- मूर्तिकला, चित्रकला
- गणितीय दौड
- लोकगीत
- भलिबल, फुटबल, दौड
- प्रत्येक शुक्रवार अनिवार्य अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने
- श्रतिलेखन
- हस्तलेखन
- प्रतिभाको खोजी

१२.विज्ञान प्रयोगशालाको व्यवस्थासम्वन्धमा

- प्रत्येक आधारभूत र माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशालाको व्यवस्था गर्ने
- विज्ञान प्रयोगशाला कोष स्थापना गर्ने
- उपयुक्त स्थानीय सामग्री संकलन तथा प्रयोग
- आवश्यकीय सामग्री खरिद तथा व्यवस्थापन
- प्रयोगशालाका लागि छुट्टै कक्षा कोठाको व्यवस्था गर्ने
- प्रयोगशाला व्यवस्थापनका लागि तालिम र शिक्षकको व्यवस्था गर्ने

१३.अनुदान र अन्य स्रोत संकलन र उपयोग सम्वन्धमा

- सरकारी तथा गैरसरकारी क्षेत्रबाट स्रोत संकलन गर्ने र उपयुक्त शीर्षकमा खर्च गर्ने
- वडा, गा पा, जिल्ला, प्रदेशर केन्द्रको अनुदान बृद्दी गर्नुपर्ने
- दानदातव्य चन्दा तथा अन्य सहयोगी संस्थासँगको सहयोग बढाउन पहल गर्ने

१४.शिक्षक विषयगत समिति व्यवस्था सम्वन्धमा

- विषयगत समिति निर्माण गर्ने र समन्वय कायम गर्ने
- विद्यालयमा मात्र नभै स्रोतकेन्द्र र गाउँपालिकामा समेत विषयगत समिति बनाउने

१५.विद्यालयमा CAS को प्रयोग गर्नेसम्वन्धमा

- यसको प्रयोगका लागि प्रत्येक शिक्षकलाई तालिमको व्यवस्था गर्ने

- सवै विद्यालयमा CAS लागु गर्ने

१६.SIP निर्माण अद्यावधिक र समीक्षा गर्नेसम्वन्धमा

- विद्यालयको आवश्यकता वोध हुने गरी निर्माण गर्ने, अद्यावधिक गर्ने, समीक्षा गर्ने

१७.विद्यालयमा बालमैत्री वातावरण निर्माण गर्नेसम्वन्धमा

- समुदायबाट नै बालमैत्री वातावरणका न्युनतम मापदण्ड पुरा गर्न प्रयास गर्ने
- भयरहित वातावरणमा शिक्षण गर्ने

१८.परीक्षा सञ्चालन र नतिजा विष्लेषण गर्नेसम्वन्धमा

- प्रश्नपत्र ग्रिड अनुसार हुनुपर्ने
- प्रश्नहरू पाठ्यक्रम अनुरुप हुनुपर्ने
- एकाइ, साप्ताहिक, मासिक तथा त्रैमासिक परीक्षा सञ्चालन गर्ने
- परीक्षाको नतिजा विष्लेषण अभिभावकको उपस्थितिमा गरी पृष्ठपोषण दिने
- गाउँपालिका स्तरीय परीक्षा सञ्चालन गर्ने

१९.शिक्षक विद्यार्थी र अभिभावकको आचारसंहिता निर्माण गर्नेसम्वन्धमा

- सरोकारवालाको उपस्थितिमा निर्माण गर्ने

२०.अभिभावकत्वको खोजी सम्वन्धमा

- आर्थिक रूपले विपन्न अभिभावकका छोराछोरीलाई विद्यालय तहको पढाइ पुरा गराउने जिम्मेवारीका लागि अभिभावकको खोजी गर्ने
- विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यायल ल्याउने र निजहरूको पढाइका लागि पनि अभिभावकको खोजी गर्ने
- विद्यालयमा ल्याउने र टिकाउने जिम्मेवारीमा अभिभावकको दायित्व खोज्ने
- अभिलेखीकरण गरी पहिचान गर्ने

२१.गाउँ शिक्षा योजना निर्माण सम्वन्धमा

- गाउँशिक्षा योजना निर्माण गर्दा प्रत्येक विद्यालयलाई संलग्न गराउने

२२.लिडर विद्यालय निर्माण गर्नेसम्वन्धमा

- तल्लो तह अरु विद्यालयबाट पार गरी माथिल्लो तहमा अध्ययन गर्न विद्यार्थी भर्ना गर्ने विद्यालयलाई लिडर स्कुलका रूपमा लिई अन्तर्निहित व्यवस्थापकीय प्रणाली कायम गर्न पुस्तकालयका पुस्तक विनिमय, स्रोत सामग्री विनिमय, सन्दर्भ सामग्रीमा एकरूपता तथा माध्यम भाषामा एकरूपता जस्ता कार्य गर्ने
- प्रत्येक वडामा एक लिडर विद्यालय कायम गर्ने
- लिडर विद्यालय सूचना र तालिमका लागि बनाउने
- स्रोतकेन्द्र विद्यालयलाई लिडर विद्यालय बनाउने
- लिडर विद्यालयलाई कक्षा अवलोकन गर्न लगाउने

२३.रिक्त पिरियडका कक्षा व्यवस्थापन सम्वन्धमा

- विद्यार्थी सक्रिय बनाई परियोजना कार्य सञ्चालन गर्ने
- बहुकक्षा शिक्षण गर्ने
- कक्षा मनिटर बनाई सक्रिय बनाउने
- उक्त समयमा पुस्तकालयको प्रयोग गर्ने
- रिक्त कक्षा व्यवस्थापन गर्ने शिक्षकलाई प्रोत्साहनको व्यवस्था गर्ने

२४.विद्यालयका विविध कार्ययोजना निर्माण गर्ने

- वार्षिक कार्यतालिका
- वार्षिक कार्ययोजना
- मासिक पाठयोजना
- साप्ताहिक कार्यतालिका
- दैनिक पाठयोजना

२५. Hello Parents कार्यक्रम सञ्चालन गर्नेसम्वन्धमा

- अभिभावकसँग आवश्यक सम्पर्क गर्ने व्यवश्था गर्ने
- विद्यालयका गतिविधि अभिभावकलाई जानकारी गराउने
- प्रत्येक बालबालिकाका अभिभावकलाई आ-आफ्ना विचार, गुनासो सुन्न विद्यालयमा हेलो प्यारेन्ट कक्ष राख्ने
- कम्तीमा २ महिनामा एक पटक अनुगमन हुनुपर्ने
- समय समयमा विद्यालयले अभिभावकहरूको भेला बोलाई आवश्यक अन्तर्कृया गर्ने

२६.गैर सरकारी क्षेत्रका कार्यक्रम सञ्चालन गर्नेसम्वन्धमा

- गैर सरकारी क्षेत्रसँग समन्वय गरी विद्यालय अनुकुलको कार्यक्रम माग र सञ्चालन गर्ने

२७.विद्यालय अनुगमन सम्वन्धमा

- विद्यालय अनुगमन क-कसले गर्ने र कुन कुन पक्षको अनुगमन गर्ने बारे थप परिभाषित गर्नुपर्ने
- वि व्य स तथा अभिभावकबाट समेत अनुगमन हुने व्यवस्था गर्ने
- विद्यालयका सरोकारवाला मार्फत अनुगमन गराउने
- जनप्रतिनिधी मार्फत अनुगमन हुनुपर्ने
- विद्यालय विद्यालय वीच अनुगमन गर्ने
- प्र अ बाट अनुगमन गर्ने

२८.पाठ्यपुस्तक, पाठ्यक्रम र सन्दर्भ सामग्रीके प्रयोग गर्नेसम्वन्धमा

- पाठ्यक्रम विकास केन्द्रबाट प्रकाशित पाठ्यपुस्तक
- पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत पाठ्यसामग्री
- यस्ता पाठ्यसामग्री सकभर गाउँपालिका भरिनै एकै प्रकारको हुनेगरी गर्ने
- गाउँपालिकाभरि गार्हो भएमा वडाभित्र एकै प्रकारको हुनेगरी गर्ने

२९.अनिवार्य आधारभूत शिक्षा लागू गर्ने र विद्यालय बाहिर बालबालिका नरहेको घोषणा गर्नेसम्वन्धमा

- अनिवार्य आधारभूत शिक्षा पूरा भएको घोषणा र विद्यालय बाहिर विद्यालय उमेर समुहका बालबालिका नभएको घोषणा गर्ने तर्फ उन्मुख हुने
- विद्यार्थी खोजीका लागि घरदैलो कार्यक्रम सञ्चालन गर्ने
- भर्ना अभियान प्रभावकारी बनाउने
- विपन्न विद्यार्थीलाई छात्रवृत्तिको व्यवस्था गर्ने

३०.विद्यालय विपद व्यवस्थापन कार्ययोजना सम्वन्धमा

- प्रत्येक विद्यालयले आफ्ना जोखिम पहिचान गर्ने र जोखिम व्यवस्थापन कार्ययोजना बनाउन
- विद्यालय विपद व्यवस्थापन समिति गठन गर्ने
- जोखिममा पर्दा सहयोग गर्ने सामग्रीको संकलन गर्ने

३१.विद्यालय शान्तिक्षेत्र घोषणा सम्वन्धमा

- शान्तिक्षेत्र घोषणा सम्वन्धी पूर्वाधार पूरा गरी घोषणा गर्ने

- विद्यालय शान्ति क्षेत्र समिति गठन गर्ने
- शान्ति क्षेत्र कायम गर्ने सवालमा माथिल्लो निकायको सहयोग लिने
- विद्यालयमा राजनैतिक हस्तक्षेप हुन नदिने
- विद्यालयमा बन्द हड्तालको प्रभाव पर्न नदिने

३२.गाउँपालिका शैक्षिक प्रोफाइल निर्माण सम्वन्धमा

- गाउँपालिकाका सबै शैक्षिक सूचना संकलित प्रोफाइल तयार गर्ने

३३.प्राविधिक शिक्षा र सिपका लागि सहयोग र समन्वय  सम्वन्धमा

- स्थानीय आवश्यकतामा आधारित सिप विकासका कार्यक्रम तय गरी काम गर्ने
- छात्रवृत्तिको व्यवस्था गर्ने

३४.SEE परीक्षा केन्द्र दोर्दी गाउँपालिकामा पनि राख्नेसम्वन्धमा

- कम्तीमा १ केन्द्र राख्ने

३५.आफ्नो बालबच्चालाई कस्तो विद्यालयमा पढाउन चाहनुहुन्छ भन्ने सम्वन्धमा

- गुणस्तरीय शिक्षा प्रदान गर्न सक्षम सामुदायिक विद्यालयमा
- शैक्षिक गुणस्तर राम्रो भएको
- आवश्यक पूर्वाधार भएको
- दक्ष र अनुभवी शिक्षक भएको
- बालमैत्री शिक्षण भएको

३६.विद्यालय मर्ज सम्वन्धमा

- विद्यार्थी शुन्य भएका विद्यालयलाई

३७.विद्यालयको भौतिक अवस्था सम्वन्धमा

- भूकम्प प्रतिरोधी भवन
- पर्याप्त कक्षाकोठा
- कम्पाउण्डिङ भएको
- खानेपानीको व्यवस्था भएको
- छात्र र छात्राका लागि छुट्टाछुट्टै शौचालयको व्यवस्था भएको
- छात्रवासको व्यवस्था भएको

# दोर्दी गाउँपालिका शैक्षिक घोषणा पत्र-२०७५

आज मिति २०७५ साल जेठ १८ गते यस श्री दोर्दी गाउँपालिकाको आयोजनामा गाउँ कार्यपालिकाका सदस्यहरू, विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू, प्रधानाध्यापकहरू एवं शैक्षिक सरोकारवालाहरूको संयुक्त बैठक र यसअघि स्रोतकेन्द्र स्तरमा गरिएका सुझाव संकलन कार्यशालाबाट प्राप्त सुझावहरू समेतको आधारमा दोर्दी गाउँपालिकाको शैक्षिक सुधारका लागि तपसिल अनुसारको शैक्षिक घोषणा पत्र – २०७५ जारी गरेका छौं।

१.विद्यालयमा न्युन हुँदै गएको विद्यार्थी संख्यामा बृद्दी गर्न विद्यार्थी आकर्षण गर्ने गतिविधि गर्ने र शैक्षिक गुणस्तरको विश्वसनीयता दिलाई आफ्नो सेवा क्षेत्रभित्रका बालबालिका सेवाक्षेत्रकै विद्यालयमा भर्ना गराउने ।राज्यबाट सेवा सुविधा लिने सबैका छोराछोरीलाई सामुदायिक विद्यालयमा पढाउने।

२.शैक्षिक सत्र २०७५ मा प्रत्येक विद्यालयले न्युनतम ३% देखि ५% सम्मका दरले सिकाइ उपलव्धी बृद्दी गर्ने।

३.विद्यालय र कक्षाकोठाको वातावरण सिकाइ अनुकुल बनाउन बालमैत्री, सिकाइमैत्री वातावरण निर्माण, शैक्षिक सामग्रीको पर्याप्तता, बुक कर्नरको व्यवस्था गरी सुविधाजनक बसाइ व्यवस्था गर्ने।

४.विद्यालय, विद्यालय परिसर, कक्षा कोठा एवं शौचालयको सरसफाइको उचित व्यवस्था गर्ने।

५. प्रत्येक विद्यालयले स्थानीय पाठ्यविषय र पाठ्यांश प्रयोग हुने विषयमा पाठ्यक्रमले तोके अनुसारको पाठ्यवस्तु तय गरी शिक्षण गर्ने।

६.पुस्तकालय प्रयोग प्रभावकारी बनाउने र पुस्तकालयमा मिनी म्युजियम स्थापना गर्ने।

७.विद्यार्थी एवं विद्यालयको तथ्याङ्क तोकिएको ढाँचामा समयमा नै भरी शैक्षिक सूचना प्रवाहलाई प्रभावकारी बनाउने।

८.शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोग बढाइ खोज विधि र परियोजना कार्यको अभिबृद्दी गर्ने।

९.विद्यार्थी र कक्षा संख्या अनुसार शिक्षक दरबन्दी व्यवस्था गर्ने।

१०.अभिभावक, शिक्षक र विद्यार्थी वीच शैक्षिक अन्तर्क्रिया सञ्चालन गर्ने तथा गाउँ टोलसम्म विद्यार्थीलाई सहयोग पुग्ने गरी शिक्षा समुह/समिति गठन गर्ने।

११.अतिरिक्त क्रियाकलाप र प्रतिभाको खोजी कार्यक्रम निरन्तर सञ्चालन गर्ने।

१२.सबै माध्यमिक विद्यालय र आधारभूत विद्यालयमा आबश्यकता अनुसारका विज्ञान सामग्री संग्रह गरी विज्ञान प्रयोगशालाको स्थापना गर्ने।

१३.प्रत्येक विद्यालयले स्रोत संकलन कार्यलाई महत्व दिई शैक्षिक उपलव्धी वृद्दी गर्न स्रोतको परिचालन बढाउँदै जाने।

१४.विद्यालय, स्रोतकेन्द्र र गाउँपालिकामा विषयगत समिति गठन गर्ने।

१५.निरन्तर विद्यार्थी मूल्याङ्कन प्रभावकारी बनाउने।

१६.विद्यालय सुधार योजनालाई विद्यालयको प्रमुख योजनाको रूपमा प्रयोग गर्न सक्ने गरी तयार गर्ने।

१७.विद्यालयमा भयरहित वातावरण सिर्जना गरी विद्यार्थीको अपेक्षा अनुसारको वातावरणमा शिक्षण गर्ने।

१८.शिक्षण र मूल्याङ्कनमा पाठ्यक्रमलाई प्रमुख साधनका रूपमा प्रयोग गर्ने।

१९.शिक्षक, विद्यार्थी र अभिभावकको आचारसंहिता निर्माण गरी कार्यान्वयन गर्ने।

२०.विभिन्न कारणले विद्यालय बाहिर रहेका विद्यालय उमेर समूहका बालबालिका र विपन्न अभिभावकका बालबालिकाको अध्ययनलाई निश्चित तहसम्म पूर्णता दिन अभिभावकको खोजी गरी सहयोगको करार सम्झौता सहित अभिभावक बनाउने।

२१.गाउपालिकाको शैक्षिक विकासलाई प्रभावकारी बनाउन गाउँ शिक्षा योजना बनाउने।

२२.वडागत वा निश्चित क्लष्टरभित्र विभिन्न क्रियाकलापको समन्वय गर्न लिडर विद्यालय निर्माण गर्ने ।

२३.रिक्त पिरियडका कक्षा व्यवस्थापन गरी विद्यार्थीले सिक्न पाउने समयको सदुपयोग गर्ने ।

२४.विद्यालयमा आवश्यक हरेक योजना समयमा नै निर्माण गर्ने ।

२५.विद्यार्थीको पोर्टफोलियो घरसम्म पुर्याउन र घरका क्रियाकलापलाई विद्यालयसम्म ल्याउन Hello Parent कार्यक्रम सञ्चालन गर्ने ।

२६.गैरसरकारी क्षेत्रका कार्यक्रमलाई Reaching to the Unreached रणनीतिमा सञ्चालन गर्न प्रेरित गर्ने ।

२७.विद्यालय अनुगमन गर्ने अधिकारी वा व्यक्तिमा विविधता खोज्ने ।

२८.पाठ्यक्रम, पाठ्यपुस्तक एवं सन्दर्भ सामग्रीहरू हरेक विद्यालयमा आवश्यकता र प्राप्यताका आधारमा बढाउँदै लैजाने ।

२९.गाउँपालिकालाई शैक्षिक सत्र २०७५ भरिमा अनिवार्य आधारभूत शिक्षा लागु भएको र विद्यालय बाहिर विद्यालय उमेर समूहका बालबालिका नभएको घोषणा गर्ने ।

३०.विद्यालय विपद व्यवस्थापन योजना निर्माण गर्ने ।

३१.सबै विद्यालयलाई शान्ति क्षेत्र घोषणा गर्ने ।

३२.गाउँपालिकाको शैक्षिक प्रोफाइल तयार गर्ने ।

३३.प्राविधिक शिक्षा र सिपका लागि विद्यार्थी सहायता उपलव्ध गराउने र एक प्राविधिक शिक्षालय स्थापना गर्ने ।

३४.दोर्दी गाउँपालिकामा कम्तीमा एक SEE परीक्षा केन्द्र कायम गर्ने ।

३५.सवै विद्यालयमा गुणस्तरीय शिक्षा प्रदान गर्न सक्ने दक्ष र सक्षम शिक्षक उपलव्ध गराई क्षमता विकासमा थप योगदान गर्दै जाने ।

३६.विद्यार्थी शुन्य भएका विद्यालयलाई मर्ज गर्ने र शुन्य नजिक भएका विद्यालयमा शिक्षक संख्या कटौती गरी तुलनात्मक रूपमा बढी विद्यार्थी भएका विद्यालयमा थप गर्ने ।

३७.विद्यालयको भौतिक अवस्था आवश्यकता अनुसार पूर्ण बनाउने ।

३८.शिक्षकलाई शिक्षक डायरी प्रदान गरी सिकाइ उपलव्धी अभिवृद्दी योजना , शिक्षण सुधार योजना एवम् संक्षिप्त शिक्षण योजना बनाउन लगाई कार्यान्वयन गर्ने ।

३९.कक्षा दोहोर्याउने, विचमै कक्षा छोड्ने जस्ता शैक्षिक नोक्सानीलाई निर्मुल पार्ने ।

४०.शैक्षिक उपलव्धिका आधारमा शिक्षकलाई पुरस्कारको व्यवस्था गर्ने ।

४१.विद्यालयमा बालक्लव, विज्ञान क्लव, शान्ति समिति, साहित्य समिति एवं अतिरिक्त क्रियाकलाप समिति निर्माण गर्ने ।

४२.विद्यालय स्तरीय, वडा स्तरीय तथा गाउँपालिका स्तरीय र अन्तर पालिका स्तरीय खेलकुद कार्यक्रम सञ्चालन गर्ने ।